**प्रविधि विकास कोष सञ्चालन कार्यविधि, २०७१** (स्वीकृत मिति :२०७१/०५/१६)

प्रविधि विकास कोष निर्देशिका, २०७० को दफा १७ ले दिएको अधिकार प्रयोग गरी प्रविधि विकास कोष सञ्चालक समितिले यो कार्यविधि बनाई लागु गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "प्रविधि विकास कोष सञ्चालन कार्यविधि, २०७१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कोष" भन्नाले निर्देशिकाको दफा ३ बमोजिम गठित प्रविधि विकास कोष सम्झनु पर्छ।

(ख) "निर्देशिका" भन्नाले प्रविधि विकास कोष निर्देशिका २०७० सम्झनु पर्छ।

(ग) "प्राविधिक उपसमिति" भन्नाले दफा १५ बमोजिमको प्राविधिक उपसमिति सम्झनु पर्छ।

(घ) "व्यवसायीकरण" भन्नाले प्रविधिको प्रयोग, उपयोग वा हस्तान्तरण मार्फत् उद्योग व्यवसायको विकासमा लक्षित गरी त्यसबाट प्रतिफल प्राप्त गर्ने प्रक्रिया सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले निर्देशिकाको दफा ५ बमोजिमको गठित सञ्चालक समिति सम्झनु पर्छ।

३. **कोषको रकम पाउन योग्य हुने व्यक्ति तथा निकाय** : स्वदेशी तथा विदेशी अनुसन्धान तथा विकासको नतिजालाई व्यवसायीकरण गर्न चाहने देहायका संघसंस्थाहरु वा अनुसन्धानकर्ता व्यक्तिहरु कोष रकम प्राप्तिका लागि योग्य हुनेछन्:

(क) निर्देशिकाको दफा ४ को खण्ड (ग) मा उल्लेखित उद्देश्य बमोजिमका उद्योगहरु,

(ख) निर्देशिकाको दफा ४ को खण्ड (घ) बमोजिमका प्रविधि कार्यालयहरु,

(ग) स्वदेशी वा विदेशी पेटेण्ट प्राप्त गरेका व्यक्ति तथा उद्योगहरु,

(घ) आफ्नो ज्ञान र सीपलाई स्वदेशमा व्यावसायिक उद्देश्यका लागि प्रयोग गर्न इच्छुक भएका स्वदेशी वा विदेशी विश्वविद्यालय, अनुसन्धान तथा विकाससँग सम्बन्धित संघसंस्थामा कार्यरत नेपाली अनुसन्धानकर्ताहरु।

४. **कोषबाट लगानी हुने आयोजनाहरु** : देहाय बमोजिमका आयोजनाहरुमा कोषबाट लगानी हुनेछ :-

(क) स्वदेशी प्रविधिबाट भएको नयाँ उत्पादन, प्रक्रिया र प्रयोगको विकास र व्यवसायीकरण गर्ने,

(ख) विद्यमान उत्पादन वा प्रक्रिया वा प्रयोगमा उल्लेखनीय सुधार वा स्तरोन्नती गर्ने,

(ग) मौलिक पहिचान हुने वस्तुको परिमार्जन, सुधार वा व्यवसायिक उपयोगितामा वृद्धि गर्ने,

(घ) स्वदेशी कच्चा पदार्थ, श्रम तथा सीप प्रयोगका लागि उपयोगी बनाउन एवं स्वदेशी उपभोगका लागि आयात भएका प्रविधि, उत्पादन, प्रक्रियाको अनुकूलन, संशोधन, परिमार्जन गर्ने,

(ङ) गुणस्तरमा ल्याइएको उल्लेखनीय सूधार, कच्चा पदार्थ खपतमा कमी, उर्जा दक्षता, मूल्यमा कमी, प्रतिस्पर्धात्मक क्षमतामा बृद्धि, व्यवसायजन्य सुरक्षाका पक्षहरुमा सुधार गर्ने,

(च) आर्थिक रुपले उपयोगी हुन सक्ने प्रारम्भिक रुपमा रहेको अथवा डिजाइनको क्रम (प्रुफ-अफ-कन्सेप्ट स्टेज) मा रहेको प्रविधिको विकास गर्ने,

(छ) औद्योगिक मेसिनरी तथा पार्टपूर्जा उत्पादन गर्ने कार्य गर्ने,

(ज) वातावरणीय आवश्यकता वा मापदण्ड पूरा गर्न प्रविधिको विकास वा विस्तार गर्ने वा स्वरुप तयार गर्ने,

(झ) निकासीजन्य बजारका उत्पादन सम्बन्धी आवश्यकता पूरा गर्न प्रविधिको विकास, विस्तार तथा स्वरुप तयार गर्ने,

(ञ) आयातित कच्चा पदार्थको प्रतिस्थापन गर्ने,

(ट) व्यापारिक रुपमा उपभोक्तालाई वितरण गर्न सकिने नयाँ वा नविकरणीय ऊर्जा स्रोतको सामाजिक तथा व्यापारिक उपयोगिता अभिबृद्धि गर्ने,

(ठ) खेर गएका वस्तुहरुको पुर्नःप्रयोग, प्रशोधन तथा वातावरणमैत्री व्यवस्थापन गर्ने,

(ड) औद्योगिक वस्तुको डिजाइन गर्ने,

(ढ) वस्तु, उत्पादन प्रक्रिया तथा सोको व्यावसायिक उपादेयता पुष्टि गर्ने कुनै परीक्षण तथा विश्लेषण गर्ने,

(ण) नवीनतम प्रविधि प्रयोग गरी तयार गरिएका नमुना (प्रोटोटाइप) यन्त्रोपकरण निर्माण, परीक्षण तथा परीक्षण सञ्चालन जस्ता कार्य गर्ने,

(त) विद्यमान व्यवसायजन्य स्वास्थ्य, सुरक्षाको मापदण्ड वा त्यसमा गरिने सुधारका लागि प्रविधिको विकास, विस्तार वा स्वरुप (डिजाइन) तयार गर्ने,

(थ) आर्थिक विकास, प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि तथा निकासी प्रबर्द्धनको प्रवल सम्भावना भएका बहुआयामिक प्रभाव पार्ने किसिमका स्वदेशी पेटेण्टको व्यवसायीकरण गर्ने ।

५. **<u>कोषबाट गरिने अन्य कार्य तथा क्रियाकलापहरु</u> :** निर्देशिकाको दफा ४ मा उल्लेखित कार्यहरु सम्पादन गर्न सघाउ पुऱ्याउने उद्देश्यले देहाय बमोजिमका कार्य तथा क्रियाकलापहरु समेत कोषबाट सञ्चालन हुन सक्नेछन् :-

(क) प्रविधि विकासका लागि क्षेत्रीय तथा अन्तर्राष्ट्रिय प्रविधि हस्तान्तरण सम्बन्धी केन्द्रहरुसँग सम्बन्ध स्थापना गर्ने, अनुभव साटासाट गर्ने र सम्बन्धित पक्षका बीचमा हुनुपर्ने छलफल तथा समन्वयलाई प्रोत्साहन दिंदै उपयुक्त संजाल खडा गर्न

अनुसन्धानकर्ता, आविष्कारक, प्रविधि संवाहक (टेक्नोलोजी ब्रोकर), परामर्शदाता फर्म, उद्योग र अन्य सम्बन्धित पक्षलाई सहयोग गर्ने,

(ख) प्रविधि सम्बन्धी तथ्याङ्क, जानकारी एवं सूचना तयार गर्ने, स्वदेशी प्रविधि नक्साङ्कन को विवरण तयार गर्ने, प्रविधि विकासमा सहयोग पुऱ्याउने संघ संस्थालाई प्रोत्साहन गर्ने, प्रविधि हस्तान्तरण प्रक्रियालाई सहयोग गर्न बजार मध्यस्थता प्रविधिको प्रयोगका लागि विभिन्न पक्षहरु बीच समझदारी तथा साझेदारीको सहजकर्ता हुने लगायत विभिन्न (आर्थिक सहयोगजस्ता) उपायहरुको अवलम्बन गर्ने,

(ग) अन्तर्राष्ट्रिय पेटेन्ट सम्बन्धी सूचनामा पहुँच वढाउने तथा सार्वजनिक रुपमा प्राप्त पेटेन्ट एवं प्रविधिजन्य ज्ञान प्राप्तिका लागि प्रोत्साहन गर्ने र तिनीहरुलाई देशभित्र औद्योगिक उपयोगमा रुपान्तरण गर्न सघाउ पुऱ्याउने ।

६. **कोषको लगानी** : (१) कोषको रकमबाट ऋण तथा अनुदान उपलब्ध गराइने छ ।

(२) ऋण रकम लगानीका लागि उपयुक्त भएको कार्यक्रममा स्वीकृत भएको लागत अनुमानको ४० प्रतिशतसम्म मात्र ऋण सहयोग सीमित हुनेछ । तर घरेलु तथा साना उद्योगको रुपमा दर्ता भएका उद्योगको हकमा भने लगानीको सीमा ६० प्रतिशत सम्म हुनेछ ।

(३) उद्योगलाई आवश्यक भएको रकम लगानी गर्दा परियोजना धितो वा ग्यारेण्टी राख्नु पर्नेछ ।

(४) उद्योगले प्रस्तावित कार्यक्रममा प्राप्त हुने ऋण सहयोग बाहेक बाँकी हुन आउने आवश्यक रकमको व्यवस्था आफैंले गरेको वा गर्न सक्ने अवस्था रहेको प्रमाण पेश गर्नु पर्नेछ ।

(५) कोषबाट प्रदान गरिने ऋण प्रगति बिवरणको आधारमा अधिकत्तम ४ किस्ताबन्दीमा उपलब्ध गराइनेछ ।

(६) ऋणमा लाग्ने बार्षिक साधारण ब्याज दर पाँच प्रतिशत (५%) हुनेछ ।

(७) कोषको ऋण लगानीबाट सञ्चालित आयोजनालाई प्रदान गरिने कर्जाको अवधि पाँच वर्ष भन्दा बढी हुने छैन । आयोजना सम्पन्न भएको एक वर्ष भित्र शुरु गरी पाँच वर्ष सम्ममा ऋणको साँवा र व्याज चुक्ता गरिसक्नु पर्नेछ ।

(८) ऋणको पहिलो किस्ता रकम चुक्ता गर्ने समयसम्म लागेको जम्मा व्याज रकम ऋण चुक्ता गर्न शुरु भएको दोस्रो वर्षदेखि चौथो वर्षको ऋण चुक्ताको अवधिसम्म गरी जम्मा ३ वर्षको अवधिमा विभाजन गरी लिइनेछ ।

(९) अनुदान प्रदान गरिने रकम, सीमा इत्यादी विषयमा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(१०) समितिले नेपाल राष्ट्र बैंकसँग समन्वय गरी वाणिज्य बैंकमार्फत् कोषबाट ऋण उपलब्ध गराउने आवश्यक व्यवस्था गर्नेछ । ऋण प्रवाह गरिने कोषको रकम वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(११) कोषको रकम वाणिज्य बैंक मार्फत् लगानी तथा असूली गरे वापत लगानी गरेको रकमको तीन प्रतिशत रकम सम्बन्धित बैंकलाई सञ्चालन एंव प्रशासनिक खर्चको

रुपमा दिईनेछ । आवश्यक बिषयहरुमा सम्बन्धित वाणिज्य बैंक र समिति बीचमा सम्झौता गरिनेछ ।

७. **लगानी निषेध** : देहायका क्रियाकलापहरुमा कोषबाट लगानी गरिने छैनः

(क) आयोजनाको पुर्नलगानी,

(ख) आधारभूत तथा प्राथमिक अनुसन्धान,

(ग) नयाँ अनुसन्धान तथा विकास संस्थाको स्थापना,

(घ) भ्रमण, भोजभतेर, सभा सम्मेलन, पुस्तक लेखन जस्ता काम,

(ङ) एउटा उद्योगमा एकै समयमा दुईवटा आयोजनाको संचालन,

(च) रुग्ण उद्योग वा समितिले असक्षम ठहराएको उद्योगमा लगानी,

(छ) जग्गा खरिद वा जग्गा विकासमा गरिने लगानी ।

८. **कोष लगानीका लागि प्रस्तावसहित निवेदन पेश गर्ने** : (१) समितिले कोषको लगानीका लागि वर्षमा दुई पटक राष्ट्रिय दैनिक समाचारपत्रहरुमा प्रस्ताव आव्हान गर्न वा गराउन सक्नेछ ।

(२) कोषको रकम प्राप्त गर्न चाहने कुनै उद्योग, स्वदेशी वा विदेशी पेटेन्ट प्राप्त गरेका व्यक्ति, अनुसन्धानकर्ता वा संस्थाले अनुसूची-१ बमोजिम र प्रविधि कार्यालयले अनुसूची-२ बमोजिमको फाराम भरी कोषको सचिवालयमा निवेदन दिन सक्नेछन् ।

(३) उपदफा (२) अनुसार निवेदन दिंदा दुई प्रति निवेदन, समितिले तोकेका अन्य आवश्यक कागजातहरु तथा अनुसूची-३ बमोजिम स्वघोषणापत्र समेत पेश गर्नुपर्नेछ ।

(४) यस दफा बमोजिम दिइएको निवेदन उपर गरिने कारवाहीको प्रक्रियामा कुनै प्रकारको शुल्क लाग्ने छैन ।

९. **प्रस्तावको मूल्याङ्कन** : (१) अनुसूची-१ बमोजिम प्राप्त भएको प्रस्तावको मूल्याङ्कन अनुसूची-४ बमोजिम तोकिएको मूल्याङ्कन मापदण्डका आधारमा गरिनेछ । मूल्याङ्कन मापदण्ड प्राविधिक उपसमितिको सिफारिशमा समितिले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ । प्रस्तावको मुल्याङ्कनका बखत बिषयगत् विशेष मापदण्डका लागि अंक दिंदा प्राविधिक उपसमितिको सिफारिशमा समितिले प्रस्तावको समष्टिगत बिश्लेषण गरी आवश्यकतानुसार व्याख्या गर्न र उचित निर्णय लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको कूल अंकको आधारमा प्रस्तावदाताको योग्यताक्रमको सूची तयार गरिनेछ र सोही सूची अनुसार प्राविधिक उपसमितिको सिफारिशमा समितिले आवश्यक शर्तहरु सहित कोषको रकम प्रदान गर्ने निर्णय गर्नेछ ।

(३) अनुसूची-२ बमोजिम प्राप्त भएको प्रस्तावको मूल्याङ्कन प्राविधिक उपसमितिबाट देहाय बमोजिमका मापदण्डका आधारमा गरिनेछ । सो मापदण्डमा आधारित भई मूल्याङ्कनका बखत प्राप्त प्रस्तावको प्राथमिकीकरण गर्दा प्राविधिक उपसमितिको सिफारिशमा समितिले प्रस्तावको समष्टिगत बिश्लेषण गरी आवश्यकतानुसार व्याख्या गर्न र उचित निर्णय लिन सक्नेछ ।

(क) सम्बद्ध विश्वविद्यालय, अनुसन्धान संस्था, निवेदकको सांगठनिक कार्यसंजाल, अध्यापन गराईने संकाय, विभाग, संस्था र आबद्ध अध्यापक, अनुसन्धानकर्ता बारे

खुलाईएको प्रोफाइल, अध्ययन अध्यापन गराइने विषय, तह, विद्यार्थी संख्या, भए गरेका अनुसन्धान सम्बन्धी विवरण,

(ख) प्रकाशित अनुसन्धानात्मक कृति,

(ग) उपलब्ध र सम्भाव्य आर्थिक स्रोत एवं प्राविधिक तथा अन्य स्रोत साधनहरु (कार्यशाला, प्रयोगशाला, सवारी साधन, जग्गा र भवन, आदि),

(घ) प्रतिवद्धता,

(ङ) प्रविधि विकासमा निजी एवं अन्य संघ संस्थासंग भए गरेको सहकार्यको आयोजनागत विवरण,

(च) गरे भएका आविष्कार र पेटेण्ट सम्बन्धी विवरण,

(छ) प्रस्तावित प्रयासको उपयुक्तता तथा पर्याप्तता ।

(४) उपदफा (३) बमोजिम गरिने मूल्याङ्कनका आधारमा अनुसूची-२ बमोजिमका प्रस्तावदाताको योग्यताक्रमको छुट्टै सूची तयार गरिनेछ र सोही सूची अनुसार उपसमितिको सिफारिशमा समितिले आवश्यक शर्तहरु सहित कोषको रकम प्रदान गर्ने निर्णय गर्नेछ ।

(५) उपदफा (२) र (४) बमोजिम सूचिकृत भएका प्रस्ताव चालु तथा आगामी आर्थिक बर्षको अवधिसम्मका लागि मात्र मान्य हुनेछ ।

(६) प्रस्तावदाताले सूचिकृत प्रस्ताव परिमार्जन गर्न चाहेको खण्डमा दफा ८ र ९ को प्रक्रिया अपनाई पुर्नमूल्याङ्कन गर्न सकिनेछ ।

(७) उपदफा (२) र (४) बमोजिम सूचिकृत प्रस्तावदाताले मान्य अवधिभित्र कोषबाट रकम नपाएमा दफा ८ बमोजिम पुनः निवेदन पेश गर्न सक्नेछ ।

(८) मूल्याङ्कनको क्रममा आवश्यकता अनुसार समितिले परियोजना एवं क्रियाकलाप संचालन हुने क्षेत्रको स्थलगत भ्रमण समेत गर्न वा गराउन सक्नेछ ।

१०. **सम्झौता** : (१) यस कार्यविधि बमोजिम स्वीकृत भएका सवै प्रस्तावदाताहरुसँग आवश्यकता अनुसार वार्ता गरी कोषबाट लगानीका लागि सम्झौता गरिनेछ ।

(२) प्रस्तावदाताहरुसँग गरिने सम्झौतामा आवश्यकता अनुसार देहायका विषयहरु समेत समावेश गर्न सकिनेछ :

(क) अनुदान प्रदान गरिने क्रियाकलापको हकमा प्रविधिको व्यवसायीकरणबाट प्राप्त हुने रोयल्टी निश्चित अवधिसम्म कोषलाई प्रदान गर्ने विषय,

(ख) ऋण लगानी हुने आयोजनाको हकमा सञ्चालक समितिका सञ्चालकहरु नियुक्त गर्ने विषय,

(ग) शेयर खरिद विक्री तथा शेयर धितोवन्धक सम्बन्धी विषय,

(घ) कर्जा सुरक्षण तथा धितो सम्बन्धी विषय,

(ङ) सम्पत्तिको हाइपोथिकेशन वा धरौटी सम्बन्धी विषय,

(च) आयोजना अनुगमन, निरीक्षण, कर्जा चुक्ता, कार्यसूची, कर्जा भुक्तानी अवधि, विवाद समाधान आदि विषय ।

(३) कर्जा चुक्ता सम्वन्धी समय सूची (पेमेन्ट स्केजुल) करारमा नै उल्लेख गरी सोही समयसूची अनुसारको समयमा कर्जा चुक्ता गर्नु पर्नेछ ।

(४) कर्जा असुली सम्बन्धी कार्य बैंकिङ नियम अनुसार गरिनेछ ।

११. **प्रोत्साहन दिन सक्ने** :(१) कोषबाट कर्जा लिएको रकम सम्बन्धित ऋणीले निर्धारित समयभित्र नै कर्जाको साँवा ब्याज चुक्ता गरेमा त्यस्तो ऋणीलाई कुल ब्याजको बीस प्रतिशत रकम छुट दिईनेछ ।

(२) कोषबाट कर्जा लिएको रकमको साँवा ब्याज कुनै सम्बन्धित ऋणीले बैंकसँग भएको सम्झौताका प्रावधानमा तोकिएको अवधि भित्र तिर्न नसक्ने भनी समितिलाई उचित लागेमा आवश्यक शर्तहरु समेत तोकी बढीमा दुई बर्षको लागि ऋणको साँवा ब्याज चुक्ता गर्ने अवधि थप गरिदिन सक्नेछ । सो निर्णयको जानकारी समितिले सम्बन्धित वाणिज्य बैंकलाई उपलब्ध गराउनेछ र सो बमोजिम बैंकले उक्त ऋणीसँग भएको सम्झौता संशोधन गरी ऋणको रिसेड्युलिङ्ग गर्नेछ ।

१२. **कोषको खाता संचालन**: समितिको सदस्य सचिव तथा उद्योग मन्त्रालयको लेखा प्रमुखको संयुक्त दस्तखतबाट कोषको खाता संचालन हुनेछ ।

१३. **लेखा परीक्षण :** (१) समितिको लेखा नेपाल सरकारको स्वीकृत लेखा प्रणाली वमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(३) कोषबाट सहयोग रकम तथा अनुदान प्राप्त गर्ने प्रविधि कार्यालयहरुले आफूले प्राप्त गरेको रकमको खर्चको बिवरणका साथै सो को लेखापरिक्षण प्रचलित कानून बमोजिम गराई समितिमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१४. **कोषको सचिवालय** :उद्योग मन्त्रालयको प्रविधि महाशाखाले कोषको सचिवालयको रुपमा काम गर्नेछ ।

१५. **प्राविधिक उपसमितिको व्यवस्था** : (१) समितिको कामलाई सहयोग पुऱ्याउन देहाय वमोजिमका ५ जना सदस्यहरु रहने गरी प्राविधिक उपसमिति रहनेछ :

(१) महाशाखा प्रमुख, प्रविधि महाशाखा, उद्योग मन्त्रालय -संयोजक

(२) प्रतिनिधि, नेपाल राष्ट्र बैंक -सदस्य

(३) प्रतिनिधि, घरेलु तथा साना उद्योग विभाग -सदस्य

(४) प्रतिनिधि, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान -सदस्य

(५) शाखा प्रमुख, प्रविधि हस्तान्तरण शाखा, उद्योग मन्त्रालय -सदस्य सचिव

(२) प्राविधिक उपसमितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) राष्ट्रिय दैनिक पत्रिका तथा विद्युतीय माध्यमबाट कोषको सम्भावित प्रयोगकर्ताहरुसँग प्रस्ताव आव्हान गर्ने ।

(ख) कोषबाट सहयोग तथा लगानीका लागि उपयुक्त आयोजना, कार्यक्रम तथा क्रियाकलाप छनौट गरी समिति समक्ष सिफारिश गर्ने ।

(ग) कोषबाट सहयोग तथा लगानीका लागि प्राथमिकताका क्षेत्र निर्धारण लगायत लगानी प्रक्रिया/संयन्त्र, प्रस्ताव मूल्याङ्कनका मापदण्ड तथा अनुगमन सूचक सम्वन्धमा समितिमा स्वीकृतीको लागि सिफारिश गर्ने ।

(घ) समितिको स्वीकृति पश्चात करार सम्वन्धी कागजात तयार गर्ने, कोष प्रापकसँग करार सम्झौता गर्ने ।

(ङ) नियमित रुपमा कोषबाट लगानी/सहयोग गरिएको आयोजनाको प्रगतिको अनुगमन गर्ने, अनियमितता भएको पाइएमा समिति समक्ष प्रतिवेदन पेश गर्ने ।

(च) स्वदेशी तथा विदेशी अनुसन्धान र विकास संस्था, शैक्षिक संस्था, सम्वन्धित सरोकारवालाहरुसँग गहिरो सम्वन्ध राख्ने, तिनीहरुका बीचमा सम्पर्क संजाल विकास गर्ने तथा एक आपसमा सूचना आदानप्रदान कार्यमा सघाउने ।

(छ) प्रविधिजन्य विकास तथा प्रभावकारी प्रविधि हस्तान्तरण गरी उल्लेखनीय आर्थिक वृद्धिमा सहयोग पुऱ्याउने विशिष्ट संघसंस्था तथा व्यक्तिहरुको पहिचान गरी पुरस्कृत गर्न समिति समक्ष सिफारिश गर्ने ।

(ज) समितिले दफा ९ बमोजिम प्रस्तावको मूल्याङ्कनका बखत तथा समय समयमा दिएका निर्देशन बमोजिमका कार्य र अन्य क्रियाकलाप संचालन गर्ने ।

(झ) आवश्यकतानुसार उपरोक्त कार्यहरु सम्पन्न गर्न वैठक बस्ने तथा सम्बन्धित विशेषज्ञ वा सार्वजनिक/निजी संघ संस्थाका प्रतिनिधिहरु समेतलाई प्राविधिक उपसमितिको वैठकमा आमन्त्रण गर्ने ।

१६. **यसै कार्यविधि बमोजिम हुने** : यस कार्यविधि प्रारम्भ हुनु भन्दा अघि प्रविधि विकास कोष सञ्चालनका सम्वन्धमा भए गरेको काम कारवाही यसै कार्यविधि बमोजिम भएको गरेको मानिनेछ ।

१७. **अमान्य हुने** : यस कार्यविधिमा लेखिएको कुनै कुरा प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म यस कार्याविधिको व्यवस्था अमान्य हुनेछ ।

# अनुसूची-१
## (दफा ८ को उपदफा (२) सँग सम्बन्धित)
## निवेदन फाराम

श्री कोष सञ्चालक समिति,
प्रविधि विकास कोष,
उद्योग मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

देहायको विवरणसहित मैले प्रविधि विकास कोषबाट रकम प्राप्त गर्न निवेदन पेश गरेको छु ।

........................
(निवेदकको हस्ताक्षर)

भाग १
निवेदकको विवरण

| | | |
|---|---|---|
| १ | आयोजनाको नाम | |
| २ | निवेदकको नाम (प्रमाणित नागरिकता प्रमाणपत्र एवं कम्पनीको हकमा अख्तियारनामा समेत पेश गर्नु होला ) | |
| | कानूनी हैसियत (कृपया कम्पनीको प्रवन्धपत्र तथा नियमावली, कम्पनी दर्ताको प्रमाणपत्र लगायत पेश गर्नु होला) | (कम्पनी/ साझेदारी फर्म) |
| ३ | निवेदकको ठेगाना | |
| | सम्पर्क ठेगाना, पोष्ट बक्स नं., टेलिफोन नं., फ्याक्स नं., ईमेल | |
| | फ्याक्ट्रिको ठेगाना, पोष्ट बक्स नं., टेलिफोन नं., फ्याक्स नं., ईमेल तथा वेब साइट | |
| ४ | मुख्य सम्पर्क व्यक्तिको ठेगाना, पोष्ट बक्स नं., टेलिफोन नं., फ्याक्स नं., ईमेल तथा वेब साइट (विस्तृत विवरण दिने) | |
| ५ | संस्थापकको नामः (and their track records) (विस्तृत विवरण दिने) | |
| ६ | संचालक तथा शेयर अंश विवरण | |
| ७ | उद्योग दर्ता प्रमाणपत्र विवरण (प्रमाण सहित पेश गर्ने) | |
| ८ | अनुसन्धान तथा विकास सम्वन्धी प्रतिवद्धता सहित निवेदकको वर्तमान क्रियाकलापको बारेमा उल्लेख गर्नुहोस् | |
| ९ | निवेदकको आर्थिक हैसियत खुल्ने विवरणहरु (हालको लेखापरिक्षण प्रतिवेदनको आधारमा): | |
| | कम्पनीको हकमा अधिकृत,जारी तथा चुक्ता पुँजी | |
| | फर्मको हकमा पुँजी | |
| | सुरक्षित कर्जा | |
| | असुरक्षित कर्जा | |
| | संचिती (Reserves and surplus) | |
| | खुद स्थिर सम्पत्ति | |
| | खुद चालु सम्पत्ति | |
| | कुल आम्दानी | |
| | कुल खर्च | |
| | PBDIT (Profit before depreciation, interest and taxes) | |
| | ह्रासकट्टी | |

| | | |
|---|---|---|
| | व्याज | |
| | कर लाग्नु अघिको नाफा (Profit before Tax) | |
| | कर | |
| | PAT (Profit After Tax) | |
| | कुल नाफा/कुल घाटा (Carried to Fiscal Year………….) | |
| १० | आविष्कारक तथा अनुसन्धानकर्ताको हकमा आर्थिक हैसियत झल्कने बिवरण (बैंक मौज्दात, चल अचल सम्पत्ति सम्बन्धित प्रमाणित बिवरण, ऋण वा अन्य कुनै दायित्व भएको भए सो सम्बन्धी बिवरण आदि) | |
| ११ | निवेदकको विरुद्धमा कुनै अदालतमा मुद्दा दायर भएको छ भने सो को विवरण, (यदि कुनै भएमा):<br>निवेदकलाई कर्जा सूचना केन्द्रले कालोसूचीमा राखेको भएमा सो को विवरण, (यदि कुनै भएमा): | |
| १२ | चालू पुँजीका (Working Capital) लागि ऋण उपलब्ध गराउने बैंकको नाम, ठेगाना, टेलिफोन नं. | |
| १३ | निवेदकको ऋण सम्वन्धी विस्तृत विवरण<br>(क) वर्तमान र प्रस्तावित आयोजना<br>(ख) पुर्नसंरचना गरिएका वा अन्य आयोजनाहरु, यदि कुनै भएमा । | |

नोट :१) समितिले आवश्यक सम्झेमा निवेदकसंग अन्य विवरण पेश गर्न लगाउन सक्नेछ एवं उल्लेखित विवरणमा वा मूल्याङ्कनको समयमा उठेको नयाँ विषयमा स्पष्ट गर्न लगाउन सक्नेछ ।

२) निवेदन विवरण तथा प्रस्तावको हरेक पाना निवेदकले प्रमाणित गर्नु पर्नेछ ।

३) विदेशी संस्थामा कार्यारत भए सो संस्थाको बिवरण एवं सिफारिश समेत संलग्न गर्नुपर्नेछ ।

भाग - २ (प्रस्तावको ढाँचा)

**आयोजनाको विवरण**: देहायको विवरण सहितको आयोजनाको संक्षिप्त विवरण पेश गर्ने:

१.१ प्राविधिक विवरण:

(क) प्राविधिक विशेष विवरण (Specification) सहित उत्पादनका लागि प्रस्तावित वस्तु तथा सेवा

(ख) प्रक्रिया

(ग) प्रविधिको विवरण

(घ) प्रविधिको स्रोत

(ङ) प्रविधि स्वदेशी हो वा आयातित, सोसँग स्थापित सम्बन्धको करार/सम्झौताको प्रतिलिपि तथा प्रविधिको आधारभूत विशेषताहरु

(च ) वैधानिक स्वीकृति (Statutory Approval), हालको अवस्था

(छ) उत्पादन, प्रक्रिया तथा सेवाको पेटेन्टको अवस्था

(ज) अन्य प्रतिस्पर्धीहरु, उत्पादित वस्तुमा लाभ

(झ) स्वदेशी धारणा, विशिष्ट विशेषताहरु

(ञ) उत्पादनको परीक्षण, सुविधा र गुणस्तरको आश्वासन

(ट) प्रविधिको विशिष्टता र प्रस्तावमा नविनताको अंश

(१) आन्तरिक

(२) बाह्य

१.२ बजारीकरणको विवरण : वजार, माग र आपूर्ति, बजारीकरणको रणनीति, बजार सर्भेक्षण आदि ।

१.३ आयोजनाको लागत:

| क. सं | विवरण | रकम रु. | | |
|---|---|---|---|---|
| | | निवेदन पेश गर्ने दिनसम्ममा खर्च भईसकेको | थप खर्च गर्नुपर्ने रकम | जम्मा |
| १ | जग्गा र जग्गा विकास | | | |
| २ | निर्माण तथा सिभिल कार्य | | | |
| ३ | यन्त्र र उपकरण (आवश्यक भएमा छुट्टै पानामा विवरण थपगर्न सकिनेछ) | | | |
| ४ | फर्निचर एवम् जडित सामानहरु (Fixtures) | | | |
| ५ | सवारी साधनहरु | | | |
| ६ | विविध अचल सम्पत्ति -अन्य कुराका अतिरिक्त प्राविधिक ज्ञान शुल्क, पेटेन्ट दर्ता लागत आदि । | | | |
| ७ | पुर्व संचालन खर्च | | | |
| | कुल स्थिर पुँजी लगानी | | | |
| | कार्य संचालनका लागि आवश्यक चालू पुँजी | | | |
| | कुल लगानी | | | |

नोटः निवेदकले माथि उल्लेख भएका प्रत्येक खर्च शिर्षकको छुट्टा छुट्टै पुष्टि दिनुपर्ने छ ।

१.४ आयोजना लगानीः

| मूख्यशिर्षक | हालसम्म | | थप प्रस्तावित | | कुल जम्मा | |
|---|---|---|---|---|---|---|
| | ऋण रु. | स्वलगानी रु. | ऋण रु. | स्वलगानी रु. | ऋण रु. | स्वलगानी रु. |
| स्थिर पूँजी लगानी | | | | | | |
| चालु पुँजी | | | | | | |
| जम्मा | | | | | | |

१.५ कोषसंग माग गरिएको ऋण सहयोगः

| मूख्यशिर्षक | कुल आवश्यकता | | अन्य स्रोतवाट | | कोष वाट |
|---|---|---|---|---|---|
| | ऋण रु. | स्वलगानी रु. | ऋण रु. | स्वलगानी रु. | माग गरिएको ऋण रकम |
| स्थिर पुँजी लगानी | | | | | |
| चालु पुँजी | | | | | |
| जम्मा | | | | | |

१.६ वार्षिक आवश्यकता सहितको कच्चा पदार्थको विवरणः (स्रोत, उपलब्धता र अनुमानित लागत)

१.७ यन्त्र उपकरणको विवरण (लागत र यसको आधार सहित)

(क) मौजुदा यन्त्र तथा उपकरणको विवरणः

| उपकरण | खरिद स्रोत | परिमाण | मुल्य |
|---|---|---|---|
| | (आयातित वा स्वदेशी) | | |
| | | | |

(ख) आयोजनाका लागि खरिद गर्नुपर्ने

| उपकरण | खरिद स्रोत | परिमाण | मुल्य |
|---|---|---|---|
| | (आयातित वा स्वदेशी) | | |
| | | | |

१.८ आयोजना रहेको स्थान, उपलब्धि, फाइदा, उपलब्ध आधारभूत संरचना आदि ।

१.९ जग्गाको विवरण र आवश्यक कागजातको फोटोकपी

१.१० आयोजनाको अवधि, कार्यान्वयन कार्य योजना/ कार्य तालिका अन्य उल्लेखनीय (Milestones) कार्य समेत (क्रियाकलापहरुको बार चार्ट अनुसुचीमा राख्ने)

१.११ देहायका कुराहरु खुल्ने गरी आर्थिक विश्लेषण पेश गर्नेः

(क) न्यूनतम ५ वर्ष सम्मको उत्पादन तथा बिक्री योजना,

(ख) फाइदाको पूर्वानुमानः विविध आयव्यय शिर्षकको आधार तथा अनुमान पेश गर्ने,

(ग) अनुमानित वासलात,

(घ) प्रस्तावित वस्तु तथा सेवा उत्पादनका लागि नगद प्रवाह अनुमान (व्यापारिक उत्पादन शुरु भए पछिको ५ वर्षको लागि) ।

१.१२ आयोजनाको आर्थिक सूचकः

(क) ऋण लगानी तथा शेयर लगानीको अनुपात

(ख) आन्तरिक प्रतिफल दर (IRR)/ स्व लगानी प्रतिफल (RoE)

(ग) निश्चित चुक्ता अवधि (Pay back Period)

(घ) अन्तराल अवधि (BEP)

१.१३ सबल पक्ष (Strength), दुर्वल पक्ष (Weakness), अवसर (Opportunity) र चूनौति (Threat) विश्लेषण (SWOT Analysis) लगायत जोखिम न्यूनिकरण योजना ।

१.१४ निवेदकले यस्तै किसिमको आर्थिक सहयोगका लागि अन्यत्र प्रयास गरेको वा नगरेको (गरेको भएमा विस्तृत विवरण दिने) ।

१.१५ निवेदकले धितोको रुपमा दिन चाहेको वस्तु:

(क) बैंक ग्यारेण्टी ।

(ख) सहायक/समूह कम्पनीवाट संस्थागत ग्यारेण्टी ।

(ग) आफ्नै संस्थाको ग्यारेण्टी ।

(घ) संस्थापक/सञ्चालकको व्यक्तिगत शेयर ग्यारेण्टी ।

(ङ) संस्थापक/सञ्चालकबाट शेयर धितो ।

(च) हाइपोथिकेशन गरिने सम्पत्ति ।

(छ) सम्पत्तिको धितो ।

(ज) ग्यारेण्टीको अन्य कुनै स्वरुप भए उल्लेख गर्ने ।

१.१६ निवेदकले अन्य संस्था/विभाग/व्यक्तिलाई चुक्ता गर्न बाँकी रहेको ऋणको पूर्ण विवरण पेश गर्नु हुन।

(क) प्रस्तावित परियोजनाको स्थापना तथा सञ्चालनको लागि ।

(ख) अन्य परियोजनको लागि [पुनः संरचना (Re-scheduling) तथा हदम्याद व्यतित भएको (Default) समेत] ।

१.१७ गरिवी निवारण, रोजगारीको सिर्जना, क्षेत्रीय सन्तुलन, दिगोपना, सामाजिक समावेशीकरणको सम्भावना एवं सामाजिक तथा वातावरणीय प्रभाव ।

१.१८ संलग्न प्राविधिक टोलीको वैयक्तिक बिवरण एवं अनुभव ।

**अनुसूची २**
**(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)**
**निवेदन फाराम**

श्री कोष सञ्चालक समिति,
प्रविधि विकास कोष,
उद्योग मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

देहायको विवरणसहित मैले प्रविधि विकास कोषबाट रकम प्राप्त गर्न निवेदन पेश गरेको छु ।

.........................
(निवेदकको हस्ताक्षर)

**निवेदकको विवरण**

| | | |
|---|---|---|
| १ | आयोजनाको नाम | |
| २ | निवेदकको नाम (प्रमुखले अन्य कर्मचारी तोकेको भएमा अख्तियारनामा संलग्न राख्नुहोला ) | |
| ३ | निवेदकको ठेगानाः | |
| | सम्पर्क ठेगाना, पोष्ट बक्स नं., टेलिफोन नं., फ्याक्स नं., ईमेल | |
| ४ | मुख्य सम्पर्क व्यक्तिको ठेगाना, पोष्ट बक्स नं., टेलिफोन नं., फ्याक्स नं., ईमेल तथा वेब साइट (छोटो विवरण दिने) | |
| ५ | अनुसन्धान संस्था वा विश्वविद्यालयको विवरण (Profile) | |
| ६ | अनुसन्धान तथा विकासको क्रममा पछिल्लो दश वर्षमा प्राप्त सहयोग र सोको स्रोत<br>(क) सार्वजनिक क्षेत्रवाट<br>(ख) निजी क्षेत्रवाट<br>(ग) अन्य (वहुराष्ट्रिय कम्पनी/अन्तर्राष्ट्रिय गैर सरकारी संस्था ) क्षेत्रवाट | |
| ७ | ख्याति प्राप्त अर्न्तराष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन भएको अनुसन्धानात्मक कृति (प्रत्येक कृतिको संक्षिप्त विवरण) | |
| ८ | पेटेण्टको प्रयोग र स्वामित्वको विवरण (निवेदक आफैं वा संस्थागत वा निवेदकसंगको सहकार्यमा भएको समेत) | |
| ९ | स्वदेशी प्रविधिको व्यावसायीकरण/व्यापारिकरण वा आयातित प्रविधिको परिमार्जनमा सार्वजनिक वा निजी रुपमा संलग्न भएको अनुभव | |
| १० | प्रविधि हस्तान्तरण कार्यालय संचालन गर्ने सम्बन्धी अवधारणा/सोच तथा संलग्न हुने मानव संसाधान (अनुसन्धानकर्ता वा प्राविधिक लगायत)को विवरण | |
| ११ | प्रविधि हस्तान्तरण कार्यालयको व्यापारिक योजना उल्लेख गर्नुहोस् (यसमा निवेदकले व्यापारिक दृष्टिकोणवाट सम्भाव्य स्वदेशी प्रविधि तथा आयातित प्रविधिको विकासमा निजी क्षेत्र वा अन्य संस्थासंग कसरी सहकार्य गर्न खोजेको छ, सो समेत उल्लेख गर्ने) | |
| १२ | प्रविधि हस्तान्तरण कार्यालय स्थापना गर्न लाग्ने लागत अनुमान (आगामी पाँच वर्षसम्मको वार्षिक खर्च समेत) | |
| १३ | हाल उपलब्ध र आगामी पाँच वर्षसम्मको अनुमानित आम्दानी र स्रोतको | |

| | | |
|---|---|---|
| | अनुमानित विवरण | |
| १४ | प्रविधि हस्तान्तरण कार्यालय स्थापना तथा लामो समयसम्म यसको दिगोपनाको (Sustainability) अवधारणा प्रष्ट पार्नुस | |
| १५ | व्यापारिक रुपमा तत्कालै प्रयोग गर्न सकिने कुनै विशेष आयोजनाको पुर्ण विवरण दिनुहोला (प्राविधिक एवम् आर्थिक संभाव्यता सम्वन्धी) | |
| १६ | प्रविधि (वस्तु, सेवा, आदि) को विकास/हस्तान्तरण गर्न खोजेको भए सो को स्पेशिफिकेशन, प्रक्रिया, स्रोत लगायतका आवश्यक विवरण पेश गर्नुस् | |

नोटः १) आवश्यकता अनुसार निवेदकसंग दफा ९ को उपदफा (३) बमोजिमका एवं अन्य विवरण पेश गर्न लगाउन उल्लेखित विवरणमा वा मूल्याङ्कनको समयमा उठेको नयाँ विषयमा स्पष्ट गर्न लगाउन सकिनेछ ।

२) निवेदन विवरण तथा प्रस्तावको हरेक पाना निवेदकले प्रमाणित गर्नु पर्नेछ ।

**अनुसूची ३**

**(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)**

**<u>स्वघोषणा</u>**

(निवेदक अथवा निवेदकको आधिकारिक एजेन्टवाट सही छाप गर्नु पर्ने)

यस प्रस्तावमा उल्लेख भएका विवरणहरु साँचो र सत्य छन्। कुनै पनि विवरण लुकाएको छैन। म/हामीले यो कार्यविधि तथा कार्य योजनाका लागि लागू हुने शर्तहरु अध्ययन गरेका छौं र मेरो/हाम्रो संस्थालाई पनि लागू हुने घोषणा गर्दछु/गर्दछौं। यदि मेरो/हाम्रो संस्थालाई आर्थिक सहयोग प्राप्त भएमा घोषित उद्देश्यमा मात्र खर्च गर्ने छु/छौं।

निवेदक/आधिकारीक व्यक्तिको सही/छाप

स्थानः–

मितिः–

# अनुसूची ४

## (दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

अनुसूची १ बमोजिम पेश भएको आयोजना प्रस्ताव मूल्याङ्कनको मापदण्ड (Evaluation Criteria):

| क. सं. | मूल्याङ्कनको मापदण्ड | अंक परिमाण | | निवेदकको नाम | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | पूर्णाङ्क | प्राप्तांक | क | ख | ग | |
| क | **न्युनतम योग्यताको मापदण्ड** | | | | | | |
| | निवेदकले मूल्याङ्कनका लागि पूर्ण विवरण दिएको छ वा छैन ? | | | | | | छ/छैन |
| | निवेदन कोषको उद्देश्यसंग मेलखाने छ वा छैन ? | | | | | | छ/छैन |
| | निवेदन कोषवाट लगानी गर्न योग्य छ वा छैन ? | | | | | | छ/छैन |
| | निवेदकले माग गरे वमोजिम लगानी गर्न कोषसंग पर्याप्त रकम छ वा छैन ? | | | | | | छ/छैन |
| | प्रस्ताव तोकिएको समय सीमा भित्र प्राप्त भएको हो वा हाईन ? अन्य तोकिएका शर्तहरु पुरा गरेको छ वा छैन ? | | | | | | हो वा हाईन |
| ख | **विशेष मापदण्ड** | | | | | | |
| ख १ | **निवेदक** | **३५** | | | | | |
| १.१ | **औद्योगिक मेशिनेरी उत्पादन** | | | | | | |
| | औद्योगिक मेशिनेरीका पाटपूर्जा उत्पादन गरी निकासी समेत हुने | १० | | | | | |
| | औद्योगिक मेशिनेरीका पाटपूर्जा उत्पादन गरी आन्तरिक खपत हुने | ७ | | | | | |
| | आयातित पाटपूर्जाबाट मेसिन जडान गरी निकासी समेत हुने | ४ | | | | | |
| | आयातित पाटपूर्जाबाट मेसिन जडान गरी आन्तरिक खपत हुने | ३ | | | | | |
| १.१ | **पेटेण्टको स्वामित्व वा धनी** | | | | | | |
| | सफल औद्योगिक प्रयोगको ठूलो सम्भावना भएको स्वदेशी पेटेण्ट | १० | | | | | |
| | सफल औद्योगिक प्रयोगको मध्यम सम्भावना भएको स्वदेशी पेटेण्ट | ७ | | | | | |
| | सफल औद्योगिक प्रयोगको केही सम्भावना भएको स्वदेशी पेटेण्ट | ४ | | | | | |
| | सफल औद्योगिक प्रयोगको मध्यम सम्भावना भएको विदेशी पेटेण्ट (संझौता संलग्न गरेको र अन्यत्र ऋण/सहयोगका लागि निवेदन नदिएको) | ३ | | | | | |
| १.२ | **टोली गठन/सदस्यता** | | | | | | |
| | २० वर्षभन्दा वढी समयदेखि संस्थामा रहेका संचालक लगायत उच्च व्यवसायिक र प्रतिवद्ध प्राविधिक टिम | ५ | | | | | |
| | १० वर्ष भन्दा वढी २० वर्षभन्दा कम समयदेखि संस्थामा रहेका संचालक लगायत मध्यमस्तरको व्यवसायिक र प्रतिवद्ध प्राविधिक टिम | ४ | | | | | |
| | १० वर्षभन्दा कम समयदेखि संस्थामा रहेका संचालक लगायत कम व्यवसायिक र प्रतिवद्ध प्राविधिक टिम | २ | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.३ | **सहयोगको आवश्यकता** | | | | | | |
| | उपयुक्त र विना सहयोग संचालन नहुने | ५ | | | | | |
| | उपयुक्त तर सहयोग विना पनि संचालन हुने | ३ | | | | | |
| | सहयोगको आशा गर्ने तर वास्तविक रुपमा आवश्यक नहुने । | २ | | | | | |
| १.४ | **उपलब्ध आधारभूत संरचना (अनुसन्धान तथा विकास, प्रविधि विकास तथा अनुकूलन क्षमता इत्यादी)** | | | | | | |
| | धेरै सक्षम | ५ | | | | | |
| | सक्षम | ३ | | | | | |
| | मध्यम | २ | | | | | |
| | कमजोर | १ | | | | | |
| ख २ | **आयोजनाको प्राविधिक पक्ष** | **२५** | | | | | |
| २.१ | **स्थानीय कच्चा पदार्थको उपयोग** | | | | | | |
| | उच्च | १० | | | | | |
| | मध्यम | ७ | | | | | |
| | कमजोर | ४ | | | | | |
| २.२ | **उत्पादित वस्तुमा नवीनता** | | | | | | |
| | उच्च | ५ | | | | | |
| | मध्यम | ३ | | | | | |
| | कमजोर | १ | | | | | |
| २.३ | **वातावरण संरक्षण तथा ऊर्जा दक्षता अभिवृद्धि गर्ने सम्भावना** | | | | | | |
| | उच्च | ५ | | | | | |
| | मध्यम | ३ | | | | | |
| | कमजोर | १ | | | | | |
| २.४ | **स्थानीय मानव संशाधनको उपयोगको सम्भावना** | | | | | | |
| | उच्च | ५ | | | | | |
| | मध्यम | ३ | | | | | |
| | कमजोर | १ | | | | | |
| ख ३ | **आयोजनाको व्यापारिक पक्ष** | **२०** | | | | | |
| ३.१ | **समग्र आर्थिक उपलव्धता, दिगोपना** | | | | | | |
| | अति उच्च | ५ | | | | | |
| | उच्च | ४ | | | | | |
| | मध्यम | ३ | | | | | |
| | कमजोर | १ | | | | | |
| ३.२ | **लगानीको पे ब्याक अवधि** | | | | | | |
| | एकवर्ष भन्दा कम | ३ | | | | | |
| | एक देखि दुई वर्षसम्म | २ | | | | | |
| | दुई वर्ष भन्दा वढी | १ | | | | | |
| ३.३ | **भविष्यमा वजार, रोजगारीको तथा वित्तीय सम्भावना** | | | | | | |
| | अति उच्च | ७ | | | | | |
| | उच्च | ५ | | | | | |
| | मध्यम | ३ | | | | | |
| | कमजोर | २ | | | | | |
| ३.४ | **लगानी आवश्यकता (स्थिर सम्पत्ति तथा चालु पुँजी** | | | | | | |
| | अतिकम | ५ | | | | | |
| | कम | ४ | | | | | |
| | मध्यम | ३ | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | उच्च | २ | | | | | |
| | अति उच्च | १ | | | | | |
| ख.४ | **अन्य** | **२०** | | | | | |
| ४.१ | **गरिवी निवारणको सम्भावना** | | | | | | |
| | अति उच्च | ५ | | | | | |
| | उच्च | ४ | | | | | |
| | मध्यम | ३ | | | | | |
| | कम | १ | | | | | |
| ४.२ | **सकारात्मक सामाजिक प्रभाव तथा पूनरावृत्ति** (Replication) **को सम्भावना** | | | | | | |
| | अति उच्च | ५ | | | | | |
| | उच्च | ४ | | | | | |
| | मध्यम | ३ | | | | | |
| | कम | १ | | | | | |
| ४.३ | **क्षेत्रीय सन्तुलनको सम्भावना** | | | | | | |
| | अति उच्च | ५ | | | | | |
| | उच्च | ४ | | | | | |
| | मध्यम | ३ | | | | | |
| | कम | १ | | | | | |
| ४.४ | **सामाजिक समावेशीकरणको सम्भावना** (**लैगिंक, पिछडिएको वर्ग, आदि**) | | | | | | |
| | अचि उच्च | ५ | | | | | |
| | उच्च | ४ | | | | | |
| | मध्यम | ३ | | | | | |
| | कम | १ | | | | | |

नोटः– (१) प्रस्तावले न्युनतम योग्यताको कुनै एक मापदण्ड समेत पुरा गर्न नसकेमा प्रस्ताव स्वतः अयोग्य हुनेछ र प्रस्ताव बारे अन्य मूल्याङ्गन गरिने छैन । तथापि समितिले प्रस्तावमा तात्विक भिन्नता नपर्ने गरी निवेदकसंग थप विवरण मांग गरी पेश गरेको विवरणलाई पूर्णता प्रदान गर्न सक्नेछ ।

(२) बिशेष मापदण्ड अर्न्तगत् विनियोजित १०० पूर्णाङ्कमा न्यूनतम ५० अंक प्राप्त नगर्ने प्रस्तावलाई यस कार्यविधिको दफा ९ को उपदफा (२) बमोजिमको सूचीमा समावेश गरिने छैन ।